गजुरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गजुरी,धादिङ
३ नं प्रदेश,नेपाल

## ढुंगा,गिट्टी,बालुवा,ग्रवेल,रोडाको संकलन एंव विक्री शुल्क संकलन गर्ने सम्बन्धी बोलपत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/ ०५ /२५**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६),प्रदेश नं ३ को आर्थिक ऐन २०७५ को दफा ९ (१) को अनुसूची ५ को सि.नं २,यस गाउँपालिकाको चालु आ.व. २०७५/०७६ को आर्थिक ऐन को दफा १२ को उपदफा १ संग सम्वन्धित अनुसूची ९ को सि.नं २ र गाउँपालिकाको मिति २०७५/५/१२ को निर्णय अनुसार आ.व ०७५/०७६ को बाकी अवधि देखि २०७६ असार मसान्त सम्म को लागि आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले गजुरी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गरेको मलेखु खोला,बेल्खु खोला र त्रिशुली नदीको IEE प्रतिवेदनमा तोकिएका बगर क्षेत्रहरुवाट छुट्टाछुट्टै तोकिएको परिमाण अनुसार कूल ४१,१०,५८८ ( एकचालिस लाख दश हजार पाँच सय अठासी मात्र) क्यु फिट भन्दा बढि नहुने गरी ढुङ्गा, गिट्टि,बालुवा, ग्रावेल,रोडा, चुनढुङ्गा स्लेटको संकलन घाटगद्दी विक्रि एवम् निकासी गर्ने कार्य र सो को संकलन शुल्क वापत प्रति क्यु फिट रु ३।- तथा बिक्रि शुल्क बापत प्रति क्यु फिट रु ६।- गरी जम्मा प्रति क्यु फिट रु ९।- (अक्षरुपी नौ मात्र) का दरले न्युनतम ठेक्का अंक रु ३,६९,९५,२९२ (अक्षरुपी तिन करोड उनन्सत्तरी लाख पन्चानब्बे हजार दुइ सय बयानब्ये मात्र) मुल्य अभिबृद्धि कर बाहेक ठेक्का लिन योग्य र इच्छुक ब्यक्ति, फर्म, कम्पनि वा बोलपत्रदाताले बोलपत्र फारम खरिद दस्तुर बापत रु ५००० ( अक्षरुपी पाँच हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लिमिटेड धादिङ वेशी शाखामा रहेको मुल खाता नं. १०३०३०४०१८१०७ मा जम्मा गरेको बैंक भौचर पेश गरी वा नगदै तिरी यस कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिने छ । बोलपत्र फारम पेश गर्दा मू.अ कर दर्ता प्रमाण पत्र , आ.व ०७३/७४ को आयकर चुक्ता प्रमाण पत्र, आ.व ०७४/७५ को फर्म नविकरण संलग्न गरी कबोल अंकको ५ % (पाँच प्रतिशत) ले हुने मू .अ कर सहितको एकमुष्ट धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक धादिङवेसी स्थित धरौटि खाता नं. १०३०३०३००७१०७ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको वाणिज्य बैंकको जमानत ( बिड बन्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी बोलपत्र खरिद गर्ने म्याद समाप्त भएको भोलिपल्ट ३१ औ दिनको मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र फारम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ । प्राप्त बोलपत्रहरु सोहि दिनको अपरान्ह २:०० बजे बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थतिमा वा प्रतिनिधि अनुपस्थित भएमा पनि यस गजुरी गाउँपालिकाको कार्यालयमा खोलिने छ । यस सम्बन्धि शर्तहरु खुलाइएको विस्तृत सूचना यस गजुरी गाउँपालिकाको कार्यालयको वेभसाइट http://gajurimun.gov.np मा राखिएको छ र यस कार्यालयको सुचना पाटिमा समेत टाँस गरिएको छ ।बोलपत्र फारम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाइट http://www.bolpatra.gov.np बाट E- Bidding मार्फत पनि पेश गर्न सकिने छ ।

गोपाल प्रसाद बगाले
प्रमुख प्रशासकिय अधिकृत

गजुरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गजुरी,धादिङ
३ नं प्रदेश,नेपाल

**ढुंगा,गिट्टी,बालुवा,ग्रावेल,रोडाको संकलन एंव विक्र शुल्क संकलन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७५/ ०५ /२५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६),प्रदेश नं ३ को आर्थिक ऐन,२०७५ को अनुसूची ५को सि.नं २, यस गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐन को दफा १२ को उपदफा १ संग सम्बन्धित अनूसूची ९ को सि.नं २ र गाउँकार्यपालिकाको मिति २०७५/०५/ १२ को निर्णय बमोजिम यस गाँउपालिकाले चालु आ.व.मा देहायको शिर्षकबाट प्राप्त गर्नु पर्ने आन्तरीक आयको ठेक्का (सिलबन्दी वोलपत्र)आव्हान गरी सोही प्रक्रियाबाट संकलन गर्नु पर्ने भएकोले योग्य र इच्छुक व्यक्ति,फर्म,कम्पनी वा वोलपत्रद्वाताले यस कार्यालयद्वारा निधारिंत बोलपत्र फाराम खरिद गरी यसैसाथ संलग्न शर्तहरुको अधिनमा रही तोकिएको मिति र समय भित्र शिलवन्धी बोलपत्र यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं | ठेक्काको विवरण | परिमाण | दररेट | न्युनतम ठेक्का अंक (मु.अ.कर बाहेक ) | बोलपत्र फारम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|
| १ /२०७५ / ०७६ | गजुरी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरेको मलेखु खोला क्षेत्रको तुंदीखोला देखि डम्मराङ्ग खोला(मलेखु १,मलेखु २, मलेखु ३ र मलेखु ४ ) सम्म,त्रिशुली नदि क्षेत्रको मलेखु बगर , चाम्बासको बगर,घाटबेसीको बगर क्षेत्र,बांगे १ र २ को बगर क्षेत्र,बन्छेटार एंव बेल्खु १ र बेल्खु २ को बगर क्षेत्र साथै बेल्खु खोला (वडा नं ६) क्षेत्रको बेल्खु १ बाट ढुंगा,गिट्टी ,बालुवा,ग्रावेल,रोडा,चुन ढुंगा,स्लेटको संकलन/घाटगद्दी/ एंव विक्रि / निकासी गर्ने कार्य र सो को संकलन शुल्क एंव विक्रि शुल्क संकलन गर्ने कार्य । | मलेखु खोला क्षेत्रबाट १५,००,७३२(पन्ध्र लाख सात सय बत्तिस) क्यू फिट,त्रिशुली नदी क्षेत्रबाट २३,३२,९८९(तेइस लाख बत्तिस हजार नौ सय उनानब्बे ) क्यू फिट र बेल्खु खोला क्षेत्रबाट २,७६,८६७ (दुई लाख छेहत्तर हजार आठ सय सत्तसट्ठी) क्यूफिट गरी जम्मा ४१,१०,५८८ ( एकचालिस लाख दश हजार पाँच सय अठासी मात्र ) क्यू फिट | संकलन शुल्क वापत प्रति क्यूफिट रु ३ तथा विक्रि शुल्क रु ६ गरी जम्मा प्रति क्यू.फूट रु ९ ।-( नौं) | रु ३,६९,९५,२९२ **(तीन करोड उनसत्तरी लाख पन्चानब्बे हजार दुई सय बयानब्ये रुपैया मात्र )** | रु ५,०००।- **(पाँच हजार)** | कवोल अङ्कको ५ % ( **पाँच प्रतिशत)** ले हुने एक मुष्ठ रकम । |

**ठेक्का सम्वन्धी शर्तहरु:**

१) माथि उल्लेखित आय ठेक्का नं १ को बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । साथै उक्त आय ठेक्काहरुमा जुन कवोल अंक वढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२) ठेक्का अवधि गाउँपालिका संग ठेक्का सम्झौता भएको मिति देखी २०७६ साल आषाढ मसान्त सम्म रहनेछ । तर ठेक्कामा सामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि संकलन तथा विक्रि गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले वन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ती दावी गर्न पाईने छैन । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रवाट सामाग्री उत्खनन् गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री गर्न सकिनेछ ।

३) माथि उल्लेखित ठेक्का कवोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा वुझाई सो को प्रमाण यस कार्यालयमा पेश गुर्नुपर्नेछ ।

४) धरौटी वापत कवोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको **राष्ट्रिय बाणिज्य बैंक लिमिटेड धादिङ वेशी** स्थित वैंक धरौटी खाता नंम्वर ~~१०३०३०४०१८१०७~~ १०४०२०३००६१०६ मा नगद दाखिला गरेको सक्कल भौंचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति वाट १२० दिन सम्म म्याद भएको **वाणिज्य वैंकको जमानत** (बिड बन्डको सक्कल प्रति) बोलपत्रमा संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त वैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५) प्रचलित ऐन बमोजिम कवोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा वुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसा लाग्ने मू.अ.कर प्रयोजनको लागी भने छुट दिईनेछैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको **राष्ट्रिय बाणिज्य बैंक लिमिटेड धादिङ वेशी शाखामा रहेको मुल खाता नं. १०३०३०४०१८१०७** मा दाखिला गर्नुपर्नेछ ।

६) कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८) ठेक्कामा कुनै विवाद भएमा गजुरी गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) उपरोक्त ठेक्काको लागी सुचना प्रकाशित भएको ३० औ दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरीद गरी ३१ औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा शिलवन्दी बोलपत्र वुझाउनुपर्नेछ । साथै उक्त सुचना गजुरी गाउँकार्यपालिकाको वेभ साइट http://gajurimun.gov.np मा राखिएको छ र बोलपत्र फारम PPMO को वेभ साइट http://www.bolpatra.gov.np वाट E-Bidding मार्फत समेत पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० वजे गजुरी गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

१०) बोलपत्र फारमहरु खरिद गर्ने,दाखिला गर्ने,खाल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सों को भोलीपल्ट सोही समयमा खरिद,दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

११) यस सुचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्तबोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्वंन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछ ।

१२) यस सुचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकन मा समावेश गरिने छैन ।

१३) नेपाल सरकार तथा ३ नंम्वर प्रदेश सरकार वाट ढुंगा,गिटी,बालुवा,स्लेट,ग्राभेल र रोडा सम्वन्धि कार्यविध स्वीकृत गरेको अवस्थामा सो सर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१४) अन्य कुराहरु यस कार्यालयको सुकचना पाटीमा टाँस गरीएको सुचना तथा अन्य प्रचलितं ऐंन कानुन वमोजिम हुनेछ ।

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

आय ठेक्का सम्वन्धी अन्य शर्तहरु

१) बुँदा नं ५ बमोजिम एकमुष्ट रकम नवुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा वुझाउनपर्ने रकम वाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मको गजुरी गाउँकार्यपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जि दिईनेछ ।

२) आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता वुझाउनपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिनभित्र | कबोल अंकको ३० प्रतिशत ले हुन आउने रकम |
| दोश्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंकको ४० ले हुन आउने रकम |
| तेश्रो | २०७६ जेष्ठ मसान्त भित्र | कबोल अंकको वाँकी ३० प्रतिशत रकम |

३) ठेक्का कवोल गर्ने ठेकेदारले गजुरी गाउँकार्यपालिकाको कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरीने रसिदहरु,ठेकेदारले आफ्नो तर्फवाट छपाई उक्त रसिदहरु यस कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदवाट शुल्क उठाएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

४) माथि शर्त नं ३ मा उल्लेख गरीएका रसिदहरुवाट आम्दानी गरिएको रकम आय खातमा मु.अ.करको हिसाव निकाल्नको लागि रसिद नंम्वरको क्रम अनुसार लेखांकन गरी खाता र रसिद अर्ध वार्षिक रुपममा यस गाउँपालिकामा वुझाउनपर्नेछ ।

५) ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साईनवोर्ड सवैले देख्ने गरी सम्वन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६) ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

७) गाउँपालिकालाई बुझाउन पर्ने वाकी वक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति /फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

८) बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

९) ढुंगा,गिटी,बालुवा,ग्राभेल,रोडा,आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन ।

१०) जमानी बापत वोलपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) तोकिएको समयमा तोकिएको किस्ता रकम वुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको वैंक जमानत वाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।

१२) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्वन्धि कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१३) यस गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गजुरी गा.पा ले स्वयम वा जमानतमा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुंगा,गिटी,बालुवा,ग्राभेल,रोडा,रातोमाटो आदी र विदेशी दातृ निकाय संग भएको करछुट सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

१४) प्रचलित ऐन,नियम,कानुन,सम्झौता र सुचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ ।

१५) यस गाउँपालिका भित्रका नदी,नाला वाट ढुंगा,गिटी,बालुवा निकाली विक्री तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्कीपुलको तल ५०० मिटर क्षेत्रवाट निर्माण सामग्री उत्खनन् गरी विक्री तथा निकासी गर्न कानुनले पुर्ण रुपमा प्रतिवन्ध लगाएको हुदा कर संकलक ले सो कुरालाई पुर्णरुपमा ध्यान दिनुपर्नेछ । ढुंगा,गिटी,बालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१६) कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतवाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ ।

१७) यस कार्यालयमा पेश हुन आएका वोलपत्र वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर वोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१८) बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायीक नविकरण प्रमाणपत्र,स्थायी लेखा नम्वर ,मु.अ. कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१९) बोलपत्र फारम नियमानुसारको राजश्व तिरी गजुरी गाउँकार्यपालिको कार्यालय,गजुरी धादिङ वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरि पेश गर्न सकिनेछ ।

२०) ढुंगा,गिटी,बालुवा,रोडा आदिको संकलन तथा विक्रिका सम्वन्धमा जिल्ला स्तरीय र पालिकास्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पुर्ण रुपले पालना गर्नुपर्नेछ ।

२१) उपरोक्त अनुसार उल्लेख भएका शर्तहरु हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।
२२) अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आय ठेक्का नं:– १/२०७५/०७६**

**आय ठेक्का शिर्षक:** ..........................................नदीको ..........................................................................कि.मी देखी ..........................................सम्मको क्षेत्रमा ढुंगा,गिटी,बालुवा,स्लेट,ग्राभेल र रोडा घाटगद्धी एवं विक्री( स्वीकृत खानी क्षेत्र बाहेक) कर ।

# बोलपत्र फारम

फारम शुल्क रु.५,०००।–

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
गजुरी गाउँपालिका
गजुरी,धादिङ

मितिः

विषय: बोलपत्र पेश गरीएको वारे ।

तहाँ कार्यालयको मिति २०७५/०५/२५ को शिलवन्दी बोलपत्र आब्हान सम्वन्धि सुचना अनुसार म्याद भित्र तोकिए वमोजिमको फारममा बोल अंक खुलाई देहायको काम को शिलवन्दी बोलपत्र पेश गरेको छु । बोल अंकको ५ प्रतिशत धरौटी (अर्नेष्ट मनी) वापतको रकम...............................................................त्यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लिमिटेड धादिङ वेशी शाखामा रहेको खाता न १०३०३०३००७१०७ मा जम्मा गरेको वैंक भौचर/बीड बण्ड त्यसै साथ संलग्न गरेको छु । अन्य कुरा नियमानुसार उल्लेख गरेको छु ।

---

ढंगा,गिटी,बालुवा,स्लेट,ग्रावेल र रोडा घाटगद्धी एवम विक्रि(स्विकृत खानीक्षेत्र वाहेक) को संकलन तथा विक्रि शुल्क वापत हुने कुल न्युनतम अंक (कर तथा भ्याट वाहेक)

जम्मा रु....................................

| ठेक्का विवरण | कुल कवोल जम्मा | | ५% धरौटी रकम | |
|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| | | | | |

**बोलपत्र पेश गर्ने फर्म वा कम्पनीको**

| | | |
|---|---|---|
| कम्पनी वा फर्मको नाम: | | **कम्पनी वा फर्मको छाप** |
| कम्पनी वा फर्मको ठेगाना: | | |
| दस्तखत: | | |
| प्रोपाईटर | | |
| मिति: | | सम्पर्क नं: |

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश नेपाल

(गोपाल ... बगाले)
प्रमुख प्रशासकीय अधिकृत

**संलग्न कागजातहरुः–**

१. फर्म/कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको ।

२. करदर्ता प्रमाणपंत्रको प्रतिलिपि भएको वा नभएको ।

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको ।

४. कारवाही वा कालो सुचिमा नपरेको स्वघोषण भएको वा नभएको ।

५. अख्तियारनामा (Letter of Autonomy) भएको वा नभएको ।

६. धरौटी वापत जम्मा गरेको वैंक भौचर वा तोकिए वमोजिमको विडवण्ड भएको वा नभएको ।

७. अन्य केही कुरा भए खुलाउने :